# घर बहालमा लिने सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना

प्रथमपटक प्रकाशित मितिः २०८०।११।१५ गते

यस एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको लागि तपशिलमा उल्लेखित क्षेत्रमा घर बहालमा लिनुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट तपशिलमा उल्लेख भएको शर्त बमोजिमको सुविधा उपलब्ध गराउने गरी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा देहायका विवरणहरु प्रस्ट रुपमा खुलाई बहालमा उपलब्ध गराउने घरको एकमुष्ट मासिक भाडा रकम (अन्य सेवा शुल्क तथा कर समेत प्रस्ट हुने गरी तर विद्युत महशुल दर वाहेक) उल्लेख गरी निम्न ठेगानामा सम्पूर्ण उल्लेखित कागजात सहितको सिलबन्दि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव पेश गर्दा हुनुपर्ने न्यूनतम आधारभूत कुराहरु:**

- बहालमा दिने घर काठमाण्डौ महानगरपालिका क्षेत्रभित्र बागबजार, पुतलीसडक, त्रिपुरेश्वर, थापाथली, बबरमहल, नयाँ बानेश्वर, शंखमुल, बुद्धनगर तथा ललितपुर महानगरपालिका क्षेत्रभित्र कुपण्डोल, पाटनढोका, चाकुपाट, पुल्चोक, हरिहरभवन वा सो क्षेत्रको आसपास अवस्थित हुनुपर्नेछ ।
- कम्तीमा ८ मिटरको सडक जोडिएको वा मूल सडकबाट ५०० मिटरको दूरी भित्रको क्षेत्र भित्र हुनुपर्नेछ ।
- भाडाका लागि प्रस्तावित भवन बढीमा तीन तल्ला सहित कम्तीमा ९००० वर्गफिट क्षेत्रफल भएको हुनुपर्नेछ । प्रस्ताव गरिएको भवनमा कम्तीमा २० वटा गाडी तथा ५० वटा मोटरसाइकल पार्किङ्ग स्थल भएको तथा प्रस्ताव गरिएको भवनमा कम्तीमा १० वटा ट्वाइलेट/बाथरुम र पानीको प्रयाप्त सुबिधा भएको हुनुपर्नेछ ।
- प्रस्ताव गरिएको भवनमा पार्किङ्ग स्थल/खुलाक्षेत्र सुरक्षित कम्पाउण्ड/पर्खालले घेरिएको हुनुपर्नेछ भने भवन परिसर भित्र ट्रक समेत पार्किङ्ग गर्न मिल्ने स्थान हुनुपर्नेछ ।

**प्रस्तावको साथ संलग्न हुनुपर्ने कागजातहरुः**

- बहालमा दिने घर भएको क्षेत्र स्पष्ट खुल्ने गरी अवस्थिति (लोकेशन) तथा कार्पेट एरियाको नाप सहितको नक्सा, घरको स्वीकृत नक्सा, सो जग्गाको फिल्ड नापी नक्सा र निर्माण सम्पन्न प्रमाणपत्र ।
- घरधनीको नेपाली नागरिकता प्रमाण पत्र, बहालमा दिने घर भएको जग्गाको जग्गाधनी प्रमाण पुर्जा तथा आ.व. २०७९/०८० को घरजग्गाको कर तिरेको रसिद/निस्सा को प्रतिलिपी।
- बहालमा दिने घरजग्गामा कुनै प्रकारको झै-झगडा तथा मुद्दा मामिला नभएको भन्ने ब्होराको जग्गा/घरधनीको हस्ताक्षर सहितको स्व:घोषणापत्र ।
- प्राप्त प्रस्तावलाई कुनै कारण जनाइ वा नजनाइ अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित तथा सुरक्षित रहनेछ ।

**प्रस्ताव पेश गर्ने ठेगानाः**

**एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड**

ट्रेडटावर बिजनेश सेन्टर, दोश्रो तल्ला,थापाथली, काठमाडौं ।

फोन नं. ०१-५१११०२४